# मेलम्ची नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

## तरकारी पकेट स्थापनाको लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०४/३० ने.स ११४४ गुँलाथ्व नवमी

सूचना नं : ६-०८१/०८२ (कृषि विकास शाखा)

मेलम्ची नगरपालिकाको आ.व २०८१/०८२ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत यस नगरपालिकाको लागि प्राप्त तरकारी पकेट क्षेत्र निर्धारण गर्नु पर्ने भएकाले इच्छुक कृषक समूह/कृषि सहकारी/जल/बन/उपभोक्ता समिति कृषि फर्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन अर्थात २०८१/०५/१८ गते कार्यालय समय भित्र मेलम्ची नगरपालिका कृषि विकास शाखामा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरीएको छ।

| क्र.स | बाली | पकेट संख्या | आवश्यक क्षेत्रफल र मापदण्ड | कैफियत |
|---|---|---|---|---|
| १ | तरकारी | १ | १४० रोपनी क्षेत्रफलमा एकै स्थान वा एकै करिडोरका कृषकहरु हुनुपर्नेछ। यस अघि यसै कार्यक्रम अन्तरगत पकेट विकास कार्यक्रम सञ्चालन भएको वडालाई छनोट गरिनेछैन। | प्रधानमन्त्री कृषि आधुनिकीरण परीयोजना परियोजना कार्यान्वयन म्यानुल २०७७ अनुसार कार्यक्रम सञ्चालन गरिनेछ। |

आवश्यक कागजातहरु

- तोकिएको ढाँचामा निवेदन (अनुसुची -६ र ७)।
- कार्यसमितिको निर्णयको प्रतिलिपी।
- संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी ।
- कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) स्वामित्व खुल्ने कागजात (चालु आ.व. को साउन महिना पछि भुमि तथा सम्पति कर तिरेको रसिदको प्रतिलिपि)
- नेपाली नागरीकताको प्रतिलपी ।
- करचुत्ता प्रमाण पत्रको प्रतिलिपी ।
- सम्बन्धित वडा कार्यालयको सिफारिस ।

थप जानकारीका लागिः मेलम्ची नगरपालिकाको वेबसाईट **www.melamchimun.gov.np** मा हेर्नुहुन तथा मेलम्ची नगरपालिका कृषि विकास शाखामा सम्पर्क राख्नुहुन वा ०११४०१०८९ सम्पर्क गर्न सक्नुहुनेछ। अनुसुची -६ र ७ मेलम्ची नगरपालिकाको वेबसाइट, कृषि विकास शाखा र वडा कार्यालयहरुबाट प्राप्त गर्न सक्नुहुनेछ।

२०८१/०४/३०

.....................
झपेन्द्रराज खरेल
प्रशासकीय अधिकृत